बैठक संख्या : १८५
मिति : २०८२।१२।२५, बुधवार
समय : बिहानको ७:३० बजे

कमलामाई नगरपालिका प्रमुख श्री उपेन्द्र कुमार पोखरेलको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा कार्यपालिकाको बैठक बस्यो ।

## उपस्थिति

| | |
|---|---|
| श्री उपेन्द्र कुमार पोखरेल | नगर प्रमुख |
| श्री मन्जु देवकोटा | नगर उप-प्रमुख |
| श्री नरेश गोले | वडा अध्यक्ष १ |
| श्री ईन्द्र वाईबा | वडा अध्यक्ष २ |
| श्री खड्ग प्रसाद चौलागाई | वडा अध्यक्ष ३ |
| श्री महेन्द्र प्रसाद ढकाल | वडा अध्यक्ष ४ |
| श्री पुर्ण बहादुर खड्का | वडा अध्यक्ष ५ |
| श्री उज्ज्वल कुमार थापा | वडा अध्यक्ष ६ |
| श्री कर्ण बहादुर घिसिङ | वडा अध्यक्ष ७ |
| श्री कोमल कुमार श्रेष्ठ | वडा अध्यक्ष ८ |
| श्री विनोद प्रधान | वडा अध्यक्ष ९ |
| श्री दिप बहादुर कार्की | वडा अध्यक्ष १० |
| श्री रामबहादुर थिङ | वडा अध्यक्ष ११ |
| श्री भिमबहादुर गुर्मछान | वडा अध्यक्ष १२ |
| श्री केशर बहादुर कार्की | वडा अध्यक्ष १३ |
| श्री राजन न्यौपाने | वडा अध्यक्ष १४ |
| श्री उमा विश्वकर्मा | कार्यपालिका सदस्य |
| श्री जमुना कुमारी श्रेष्ठ | कार्यपालिका सदस्य |
| श्री देवि देवकोटा | कार्यपालिका सदस्य |
| श्री धन कुमारी श्रेष्ठ | कार्यपालिका सदस्य |
| श्री शिव कुमारी रायमाझी | कार्यपालिका सदस्य |
| श्री भद्रीमाया हायू | कार्यपालिका सदस्य |
| श्री मान बहादुर दमाई | कार्यपालिका सदस्य |
| श्री राजन बहादुर भुजेल | कार्यपालिका सदस्य |
| श्री किरण निधि तिवारी | सचिव (प्र.प्र.अ.) |

CamScanner

er, Inkjet & Copier Label ST-1 A4 199.6mm x 287.1mm x 1

# बैठक संख्या : १८५

# मिति : २०८२/१२/२५ (बुधबार)

# समय : बिहानको ७:३० बजे

## प्रस्तावहरु

| | |
|---|---|
| प्रस्ताव नं. १: | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८२ सम्बन्धमा। |
| प्रस्ताव नं. २: | नदीजन्य पदार्थको IEE सम्बन्धमा। |
| प्रस्ताव नं. ३: | IEE प्रतिवेदन सम्बन्धमा। |
| प्रस्ताव नं. ४: | LGPAS सम्बन्धमा। |
| प्रस्ताव नं. ५: | "घ" वर्गको निर्माण व्यवसायीको इजाजत सम्बन्धमा। |
| प्रस्ताव नं. ६: | नामसारी सम्बन्धमा। |
| प्रस्ताव नं. ७: | ICT सामग्री व्यवस्थापन अनुदानको लागि विद्यालय छनौट सम्बन्धमा। |
| प्रस्ताव नं. ८: | नागरिक समवेदना खर्च सम्बन्धमा। |
| प्रस्ताव नं. ९: | स्वीकृत बजेटको परिधि भित्र रहि भए गरेको कार्यक्रम र खर्च सम्बन्धमा। |
| प्रस्ताव नं. १०: | विद्यालय भ्यान खरिद अपुग बजेट सम्बन्धमा। |
| प्रस्ताव नं. ११: | छुट तलब / पारिश्रमिक सम्बन्धमा। |
| प्रस्ताव नं. १२: | बजेट साझेदारी सम्बन्धमा। |
| प्रस्ताव नं. १३: | जिर्ण सार्वजनिक भवन तथा सार्वजनिक जग्गा अतिक्रमण गरि बनेका संरचना हटाउने सम्बन्धमा। |
| प्रस्ताव नं. १४: | विपद् तथा मन्सुन प्रतिकार्य पूर्व तयारी सम्बन्धमा। |
| प्रस्ताव नं. १५: | निजी वन दर्ता सम्बन्धमा। |
| प्रस्ताव नं. १६: | ट्राफिक प्रहरी कार्यालय सम्बन्धमा। |
| प्रस्ताव नं. १७: | नगरसभामा पेश गर्ने सम्बन्धमा। |
| प्रस्ताव नं. १८: | पोशाक र रासन भत्ता सम्बन्धमा। |
| प्रस्ताव नं. १९: | कार्यालय समय बाहेकको अतिरिक्त समयमा कामकाज गर्न अनुमति सम्बन्धमा। |
| प्रस्ताव नं. २०: | मापदण्ड स्वीकृत सम्बन्धमा। |
| प्रस्ताव नं. २१: | टोकन मेशिन सम्बन्धमा। |
| प्रस्ताव नं. २२: | सिन्धुलीगढी युद्ध संग्रहालयको सिलिङ् मर्मत सम्बन्धमा। |
| प्रस्ताव नं. २३: | पारिश्रमिक सम्बन्धमा। |
| प्रस्ताव नं. २४: | अध्ययनका लागि आर्थिक सहयोग सम्बन्धमा। |
| प्रस्ताव नं. २५: | आर्थिक सहयोग सम्बन्धमा। |
| प्रस्ताव नं. २६: | स्मृती भवन निर्माण सम्बन्धमा। |
| प्रस्ताव नं. २७: | बजेट माग सम्बन्धमा। |

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

कमलामाई नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
सिन्धुली, बागमती प्रदेश

मिति २०८२ चैत्र २५ गते बसेको १८५ औं नगर कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

**प्रस्ताव नं. १: आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८२ सम्बन्धमा।**

**निर्णयः** संघीय सरकारले स्थानीय तहका लागि नमूना कानूनको रुपमा तयार गरी पठाएको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनका सम्बन्धमा पालिकाको विधायन समिति मार्फत स्वीकृत भै आएको कमलामाई नगरपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८२ लाई आगामि नगरसभाको अधिवेशनमा स्वीकृतीका लागि पेश गर्ने ।

**प्रस्ताव नं. २: नदीजन्य पदार्थको IEE सम्बन्धमा।**

**निर्णयः** गत विगत वर्षको लागत अनुमानलाई आधार मानी पालिका भित्रका खोलाहरु IEE गर्न पूँजीगत अनुसन्धान तथा परामर्श शीर्षकबाट कार्यान्वयनका लागि कार्यालयलाई अधिकार दिने ।

**प्रस्ताव नं. ३: IEE प्रतिवेदन सम्बन्धमा।**

**निर्णयः** कमलामाई नगरपालिका, वडा नं. १२, तोरिस्वाँरा, हाँत्तिगौंडा किर्नेखोला टंसार सडक स्तरोन्नति (७.५० कि.मी.) का लागि तयार भएको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन स्वीकृत गर्ने ।

**प्रस्ताव नं. ४: LGPAS सम्बन्धमा।**

**निर्णयः** स्थानीय शासन कार्य सम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) अनुसार कार्यालयबाट स्वमूल्याङ्कन गर्दा ८४.८% अंक कायम गरी पृष्ठपोषणको लागि जि.स.स. मा पठाइएकोमा उक्त कार्यलाई अनुमोदन गर्ने निर्णय गरियो ।

किरण निधि तिवारी
प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र कुमार पौडेल
नगर प्रमुख

## प्रस्ताव नं. ५: "घ" वर्गको निर्माण व्यवसायीको इजाजत सम्बन्धमा ।

**निर्णयः** यस कमलामाई नगरपालिकामा समक्ष "घ" वर्गको ईजाजतको लागि पेश भएको तपसिलमा उल्लेखित निर्माण सेवाले "घ" वर्गको निर्माण व्यवसायी ईजाजत सम्बन्धी कार्यविधि, २०७४ को दोश्रो संसोधन २०७८ को अनुसुचि-५ मा उल्लेखित प्रकृया पुरा भएको हँदा तपसिल अनुसारको निर्माण व्यवसायीलाई "घ" वर्गको ईजाजत-पत्र उपलब्ध गराउने निर्णय गरियो ।

**तपसिल**

१. महादेव बाबा निर्माण सेवा प्रा.लि., क.न.पा.-६, प्रो. कुमार कार्की ।
२. विजयछाप बिल्डर्स एण्ड सप्लायर्स प्रा. लि., क.न.पा.-४, दिलिप जंग थापा ।

## प्रस्ताव नं. ६: नामसारी सम्बन्धमा ।

**निर्णयः** यस कमलामाई नगरपालिकाबाट मिति २०८०।१।३ मा यस कार्यालयबाट पुष्पा सिम्रन कन्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., प्रो. राजदेव महतोलाई घ वर्गको ईजाजत पत्र प्रदान गरिएकोमा हाल सो ईजाजत-पत्र गोरखा जिल्ला, बारपाक सुलिकोट गा.पा., बडा नं. ४ निवासी माधव ढकालले खरिद गरेको हुँदा नामसारी गरि पाउँ भनि कम्पनी रजिष्ट्रारको कार्यालयबाट फर्म बिक्री भई नामसारी भएको कागजात पेश भएको हुदा सम्लग्न कागजातहरुका आधारमा पुष्पा सिम्रन कन्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., प्रो. माधव ढकालका नाममा नामसारी गर्ने निर्णय गिरयो ।

## प्रस्ताव नं. ७: ICT सामग्री व्यवस्थापन अनुदानको लागि विद्यालय छनौट सम्बन्धमा ।

**निर्णयः** आ.व. २०८२/८३ मा कमलामाई नगरपालिकाको लागि संघीय सरकारबाट प्राप्त शिक्षा तर्फको ससर्त स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा २०८२/०८/०५ मा ICT व्यवस्थापन अनुदान प्राप्तिको लागि विद्यालयहरुलाई प्रस्ताव-पत्र पेश गर्न २१ दिने सूचना प्रकाशित गरिएको थियो । तोकिएको म्याद भित्र प्राप्त प्रस्तावना पत्रहरुको अध्ययन,स्थलगत अनुगमन प्रतिवेदन एवम् कार्यक्रम कार्यान्वयन विधि २०८२/८३ मा भएको व्यवस्था समेतको आधारमा ICT व्यवस्थापन अनुदानको लागि तपसिलका विद्यालयहरु छनौट गर्ने निर्णय गरियो ।

| क्र.सं | विद्यालयको नाम | पाउने अनुदान रकम |
|---|---|---|
| १. | श्री गौमती माध्यमिक विद्यालय, माढी बजार, सिन्धुली | दश लाख |
| २. | श्री सिद्धबाबा माध्यमिक विद्यालय, पानीट्यांकी, सिन्धुली | दश लाख |

किरण निधि तिवारी
प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र कुमार पोखरेल
प्रमुख

| | | |
|---|---|---|
| ३. | श्री नवज्योति बहिरा मा.वि जसेदमार, सिन्धुली | दश लाख |

**प्रस्ताव नं. ८: नागरिक समवेदना खर्च सम्बन्धमा ।**

**निर्णयः** पालिका भित्रका कुनै मनिस मृत्यू हुँदा समवेदना प्रकट गर्न कार्यपालिका कार्यालयस्तरबाट जानुपर्ने आवश्यकताको अवस्थामा नगरप्रमुख/उपप्रमुख/कार्यालय प्रमुख/कार्यपालिका सदस्यले दोहोरो नपर्ने गरी बढीमा रु.१,०००।– (एक हजार मात्र) सम्म रकम नगरकार्यपालिकाको प्रशासनीक खर्चको रुपमा विनियोजित क्रियाकलाप नं ३९१.२२.१.८९६ सांस्कृतिक रितिरिवाज खर्च शीर्षकमा विनियोजि बजेटबाट खर्च गर्न सकिने र यस कार्यको सहजिकरण सामाजिक विकाश शाखा मार्फत हुने ।

**प्रस्ताव नं. ९: स्वीकृत बजेटको परिधि भित्र रहि भए गरेको कार्यक्रम र खर्च सम्बन्धमा ।**

**निर्णयः** आर्थिक वर्ष २०८२/८३ का लागि सभाले विनियोजन गरेको बजेटको परिधिभित्र रही नगरप्रमुखज्यूको तोक आदेश मार्फत वा नगर प्रमुख स्तरीय निर्णय मार्फत भए गरेका कार्यक्रम र भुक्तानीलाई अनुमोदन गर्ने साथै अख्तियारी अनुसार प्रमुख प्रशासकीय अधिकृत मार्फतको भुक्तानीलाई स्वीकृत गर्ने । नगरप्रमुखज्यूबाट तोक आदेश एवं निर्णय मार्फत कार्यान्वयनमा आएका पूर्वाधारतर्फका योजनाहरु तपसिल बमोजिम रहेका छन्:

**तपसिल**

| फुटकर | | | |
|---|---|---|---|
| सि.नं. | योजनाको नाम | तोकादेश रकम | भुक्तानी रकम |
| १ | सिद्धेश्वर खानेपानी अफिस देखि पूर्व सुर्यदय वोर्डिङ जाने सयपत्री मार्ग स्तरउन्नती क.न.पा. ६ | २५००००.०० | २४३९८७.३४ |
| २ | सिद्धज्योति शिक्षा क्याम्पसको अगाडी भूई ढलान क.न.पा. ५ | २५००००.०० | |
| ३ | भिमान सुके चौर सम्म जाने बाटो ट्र्याक निर्माण क.न.पा. ९ | ३०००००.०० | |
| ४ | कमला मा.वि.फल्स सिलिङ तथा फर्निचर क.न.पा. ४ | ३०००००.०० | |
| ५ | स्यालब निर्माण क.न.पा. १० देवीस्थान खोल्सी | १०००००.०० | |
| ६ | बिद्द्यालय घेराबेरा क.न.पा. १२ | १०००००.०० | |

किरण निधि तिवारी
प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

| | | | |
|---|---|---|---|
| ७ | सिलामे सगमचोक देखि शाखाजोर बाघछेडा सडक क.न.पा. ५ | ४००००००.०० | |
| ८ | शौचालय निर्माण क.न.पा. ५ मधुशिखरटोल वि.स | १०००००.०० | |
| ९ | खेलकुद मैदान तथा सामाग्री खरिद क.न.पा. ६ रातमाटा प्लानीङ टोल विकास सस्था | २०००००.०० | |
| १० | सडक मर्मत ६ गैरीवजार | ४४७५३.२० | ४४७५३.२ |
| ११ | सडक स्तरोन्नती रातमाटा प्लानीङ देवकोटा चोक क.न.पा. ६ | २५००००.०० | |
| १२ | शिव मन्दिर संरक्षण तथा तथा शौचालय निर्माण, क.न.पा. १३ | ३०००००.०० | |
| १३ | नौलेडाडाबाट मन्दिर जाने बाटो स्तरोन्नती क.न.पा. ११ | १५००००.०० | |
| १४ | कसैडाडा बस्ती संरक्षण क.न.पा. १ | २०००००.०० | |
| १५ | शिव मन्दिर निर्माण सिमानाटोल घोडाखोला क.न.पा. १० | २०००००.०० | |
| १६ | प्रतिक्षालय निर्माण क.न.पा.२ | १५००००.०० | |
| १७ | आहालेखोला संरक्षण क.न.पा. ५ आहाले | २०००००.०० | |
| १८ | ब्रम्ह कुमारी राजयोग उपसेवा केन्द्र भवन निर्माण, वडा नं. ४ | २०००००.०० | |
| १९ | सच्चाई मण्डली भवन निर्माण, वडा नं. ७ | १५००००\|०० | |
| २० | राम बहादुर थिङ्को घर नजिक बाटो स्तरोन्नती, वडा नं. ७, डाँडाटोल | १५००००\|०० | |
| २१ | स्वर्गद्वारी गडौलीघाट जाने बाटो स्तरोन्नती, वडा नं. ७ | २०००००\|०० | |
| २२ | राधाकृष्ण मन्दिर निर्माण, वडा नं. १०, दोभानगाउँ | २०००००\|०० | |
| २३ | टंसार खोला फाँट जाने बाटो स्तरोन्नती - वडा नं. १२ | १५००००\|०० | |
| | **जम्मा** | ४५४४७५३.२० | २८८७४०.५४ |
| | **भैपरि** | | |
| १ | खानेपानी पाईप क.न.पा.१४ चन्दनपुर | ३५०००.०० | ३५०००.०० |
| २ | निवुवाटार देखि लाम्पजुगे खोल्सी हुदै अधिकारी टोल तारुखोला मोटर बाटो क.न.पा.२ | २०००००.०० | |
| ३ | बाटो तथा वस्ती संरक्षण क.न.पा.९ | १०००००.०० | |
| ४ | प्रगतिसिल मा.वि.फर्निचर क.न.पा.१० | ४००००.०० | |
| ५ | सरस्वती प्रा.वि.सिलिङ निर्माण क.न.पा. ५ | ५००००.०० | |

कमलामाई नगरपालिका नगर कार्यपालिकाको कार्यालय सिन्धुलीमाढी, सिन्धुली बागमती प्रदेश

किरण निधि तिवारी
प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

| | | | |
|---|---|---|---|
| ६ | ट्रस भवन निर्माण क.न.पा. ८ | १०००००.०० | |
| ७ | मोटर बाटो निर्माण क.न.पा. १२ चित्र ब. घर देखि राक्सेटोल | ३०००००.०० | |
| ८ | खड्कुले भन्ज्याङ गिता डाडा बाटो निर्माण क.न.पा. ११ | १०००००.०० | |
| ९ | शिखर मा.वि. घेराबेरा क.न.पा.१ मरिण बेल्टार | ४०००००.०० | |
| १० | जनसेवी प्रा.व. नेपाने दमार क.न.पा. १ | २०००००.०० | |
| ११ | महर्षि उपमन्यू मन्दिर निर्माण क.न.पा. ४ | १५००००.०० | |
| १२ | मोरङ्गे देखि रानाटोल बाटो मर्मत क.न.पा.१२ | १५००००.०० | |
| | **जम्मा** | १८२५०००.०० | ३५०००.०० |

**खानेपानी पानी फुटकर**

| | | | |
|---|---|---|---|
| १ | खानेपानी ईनार निर्माण क.न.पा. ४ | ७००००.०० | |
| २ | खानेपानी ईनार निर्माण क.न.पा. ५ | ७००००.०० | |
| ३ | खानेपानी ईनार मर्मत निर्माण क.न.पा. १ | ४००००.०० | |
| ४ | खानेपानी पाईप क.न.पा. ७ बुकाखोला | ६००००.०० | |
| ५ | खानेपानी ईनार नवदुर्गा सा.वन क.न.पा. ४ र ५ | १०००००.०० | |
| ६ | खानेपानी पाईप मोटर क.न.पा.८ माईस्थान | १५००००.०० | |
| ७ | खानेपानी ट्याकी निर्माण क.न.पा.१४ | ३५००००.०० | |
| ८ | खानेपानी पाईप क.न.पा. १२ बसेनीबाट गैरीटोलडाडा | १५००००.०० | |
| ९ | सिचाई ईनार निर्माण क.न.पा. १ दर्वेटार नया बस्ती | १०००००.०० | |
| १० | खानेपानी ईनार निर्माण क.न.पा. ४ साङवाले | ५००००.०० | |
| ११ | खानेपानी ईनार निर्माण क.न.पा. ४ | ७००००.०० | |
| १२ | खानेपानी ईनार निर्माण ४ | ७००००.०० | |
| १३ | खानेपानी पाईप क.न.पा. ५ बोझे | १५०००.०० | |
| १४ | पाईप मर्मत तथा फीटीङ क.न.पा. ४ ढकालगाउ | ५००००.०० | |
| १५ | खानेपानी ईनार क.न.पा.५ डाडाटोल ढकालगाउ | ५००००.०० | |
| १६ | पानी तान्ने मोटर तथा पाईप क.न.पा. ६ परिवर्तनशीलटोल | २००००.०० | |
| १७ | धाप्सार मोक्तानटोल सिचाई पाईप क.न.पा. ८ | ७५०००.०० | |
| १८ | खानेपानी ईनार निर्माण क.न.पा. ४ डुनडाडा | ५००००.०० | |
| १९ | खानेपानी ईनार निर्माण क.न.पा. १४ विन्दवासिनी मन्दिर परिसर | २५००००.०० | |

किरण निधि तिवारी

उपेन्द्र कुमार पोखरेल

कमलामाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिन्धुलीमाढी, सिन्धुली
बागमती प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| २० | खानेपानी पाईप विस्तार माथिल्लो बागमारा क.न.पा. ८ | ५००००.०० | |
| २१ | खानेपानी ईनार निर्माण क.न.पा. ५ रानीखोला | ७००००.०० | |
| २२ | खानेपानी ईनार निर्माण क.न.पा. ५ कालीकाटार | ७००००.०० | |
| २३ | खानेपानी योजना स्तरोन्नती, वडा नं. ८, माइस्थान क्षेत्र | ५००००.०० | |
| २४ | धनसारे, रातमाटा पुरानो जनता बोर्डिङ्ग, रातमाटा प्लानिङ्ग, अँधेरीभञ्ज्याङ्ग सय डाँडा, धुरा बजार खानेपानी इनार निर्माण | २५००००.०० | |
| | **जम्मा** | २२८००००.०० | |
| | **सिचाई शिर्षक** | | |
| १ | सिचाई कुलो मर्मत क.न.पा.८ माईखोला | २०००००.०० | |
| २ | पल्लो बाझे ओरालो कुलो मर्मत क.न.पा.१२ | ३०००००.०० | |
| ३ | सिचाई कुलो स्तरोन्नती क.न.पा.८ पाथीपरान चिसापानी | २०००००.०० | |
| ४ | सिचाई कुलो निर्माण क.न.पा.८ धाप्सार | १५००००.०० | |
| ५ | आहाले संरक्षण क.न.पा. ५ आहाले | १०००००.०० | |
| ६ | साठीफाट झोरा संरक्षण क.न.पा.७ | १०००००.०० | |
| ७ | सिचाई कुलो निर्माण क.न.पा.४ | १५००००.०० | |
| ८ | कवासे खोला धन्सार डाँडा सिंचाई कुलो मर्मत, वडा नं. ११ | १०००००।०० | |
| ९ | काउछे सिरान कुलोमा पर्ने बतासे कुलो मर्मत, वडा नं. ९ | २०००००।०० | |
| १० | कमला सुकेखोलादेखि कोरुङखोला कुलो मर्मत, वडा नं. ९ (शिक्षक टोल स्थित कैलाश समिल उद्योग मुनी) | १०००००।०० | |
| ११ | सिन्दुरेटार नयाँ टोल सिंचाई स्तरोन्नती, वडा नं. ८ | १०००००।०० | |
| १२ | गुसीखोला सिंचाई कुलो मर्मतर, वडा नं. १२ | १०००००।०० | |
| | **जम्मा** | १८०००००.०० | |
| | **विपद** | | |
| १ | सिद्धज्योती शिक्षा क्याम्पस कल्भर्ट मर्मत ५ | १९००००.०० | १८२२९७.१३ |
| | **जम्मा** | १९००००.०० | १८२२९७.१३ |
| | **कूल जम्मा** | १०६८९७५३.२० | ५०६०३७.६७ |

किरण [illegible] तिवारी
प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

**प्रस्ताव नं. १०: विद्यालय भ्यान खरिद अपुग बजेट सम्बन्धमा ।**

**निर्णयः** श्री कमला मा.वि. करकरे भ्यान खरिदका लागि प्रचलित कानुन अनुसार खरिद गर्दा बजेट अपुग हुने अवस्था देखिएमा रु. ६,२५,०००।– सम्म पूँजीगत फुटकर शीर्षकबाट कार्यान्वयन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ११: छुट तलब / पारिश्रमिक सम्बन्धमा ।**

**निर्णयः** नगरपालिकामा सहायक चौथोको रुपमा कम्प्यूटर अपरेटरको रुपमा कार्यरत श्री विश्वेश्वर पाण्डेको विविध प्राविधिक कमिकमजोरीका कारणले २०८१ जेष्ठ र असार महिनाको तलब छुट भएको कार्यालयबाट टिप्पणी राय पेश भएकोले पाउने तलब यस आ.व. को स्वीकृत बजेटबाट उपलब्ध गराउन कार्यालयलाई स्वीकर्त गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १२: बजेट साझेदारी सम्बन्धमा ।**

**निर्णयः** कमलामाई नगरपालिका अन्तर्गत वडा नं. ८ मा संचालित श्री कमला मा.वि. कर्करेलाई सामाजिक विकास कार्यालय, हेटौंडाबाट वाल विकास कक्षा स्तरोन्नती कार्यक्रम परेको र उक्त कार्यक्रममा स्थानीय तहको तर्फबाट रु. १ लाख साझेदारी गर्नु पर्ने भएकोले विद्यालयको माग बमोजिम उक्त कार्यक्रम सम्पन्न गर्न लक्षित वर्ग साझेदारी अन्तर्गतको बजेट शीर्षकबाट रु. १ लाख बजेट विनियोजन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १३: जिर्ण सार्वजनिक भवन तथा सार्वजनिक जग्गा अतिक्रमण गरि बनेका संरचना हटाउने सम्बन्धमा ।**

**निर्णयः** यस कमलामाई नगरपालिका वडा नं. ६ स्थित नगर कार्यपालिका भवनको पूर्वपट्टी रहेको स्टल बजार भएको भवन लगायत मिति २०७२ को महाभूकम्प पश्चात रातो स्टिकर प्राप्त सार्वजनिक भवन तथा नगर क्षेत्र भित्रका हाट बजार क्षेत्र, बसपार्क क्षेत्र, सार्वजनिक जम्घटका कुनै स्थान, सडक किनारा, विद्यालय क्षेत्र साथै सार्वजनिक जग्गामा नगरपालिकाको अनुमति नलिई निर्माण भएका संरचना हटाउनका लागि ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशन गर्ने र सो अवधि भित्र नभत्काएमा नियमानुसार सरोकारवाला कार्यालयहरुसँग समन्वय गरी नगरपालिकाबाट भत्काई हटाउने निर्णय गरियो ।

किरण निधि तिवारी
प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

www.oddyindia.com

**प्रस्ताव नं. १४: विपद् तथा मन्सुन प्रतिकार्य पूर्व तयारी सम्बन्धमा।**

**निर्णयः** यस कमलामाई नगरपालिका अन्तर्गत सम्भावित विपद् तथा मनसुन सम्बन्धि पूर्वतयारीका लागि **मनसुन पूर्व तयारी कार्ययोजना, २०८२** र **विपद् प्रतिकार्य योजना, २०८२** तयार गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. १५: निजी वन दर्ता सम्बन्धमा।**

**निर्णयः** यस कमलामाई नगरपालिका क्षेत्र भित्र रहेका र दर्ताका लागि पेश भएका निजी वन दर्ता सम्बन्धि आवेदनहरुको दर्ता प्रक्रियाका लागि डिभिजन वन कार्यालयलाई लेखि पठाउने निर्णय गरियो।

**प्रस्ताव नं. १६: ट्राफिक प्रहरी कार्यालय सम्बन्धमा।**

**निर्णयः** कमलामाई नगरपालिकाबाट निर्माण भएको हाल जिल्ला ट्राफिक प्रहरी कार्यालय रहेको भवनको औपचारिक उद्घाटन सम्पन्न गर्नु भन्दा अगाडि उक्त भवनमा केही थप कार्य गर्नु पर्ने भएकोले सो अनुसार यस क्षेत्रमा भएको सार्वजनिक शौचालयको लागि २००० लि. को पानीट्याङ्की, भवनको अग्रभागमा रंगरोगन र पानी तान्ने मोटर व्यवस्थापनप गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. १७: नगरसभामा पेश गर्ने सम्बन्धमा।**

**निर्णयः** कमलामाई नगरपालिकामा कार्यरत कर्मचारी श्री लक्ष्मण चौलागाई (नगर प्रहरी) र श्री नवराज देवकोटा (सवारी चालक) ले सेवा करारमा निरन्तरताका लागि निवेदन दिनु भएकोमा नगर प्रमुख ज्यूको आदेश अनुसार सो निवेदन आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. १८: पोशाक र रासन भत्ता सम्बन्धमा।**

**निर्णयः** कमलामाई नगरपालिकामा मासिक ज्यालादारीमा कार्यरत कर्मचारी श्री लक्ष्मण चौलागाई (नगर प्रहरी) लाई पोशाक भत्ता र मासिक रासन भत्ता आगामी २०८३ वैशाखबाट उपलब्ध गराउने निर्णय गरियो।

किरण निधि तिवारी
प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

**प्रस्ताव नं. १९: कार्यालय समय बाहेकको अतिरिक्त समयमा कामकाज गर्न अनुमति सम्बन्धमा ।**

**निर्णयः** यस कमलामाई नगरपालिकामा इन्जिनियरिङ्ग सेवा, सर्वेक्षक समूह, सर्वेक्षक पदमा कार्यरत कर्मचारीहरु श्री सन्तोष कुमार श्रेष्ठ र हेम बहादुर मतराले कार्यालय समय बाहेकको अतिरिक्त समयमा कामकाज गर्न अनुमति माग गरेकोमा निजहरुलाई कार्यालयको नियमित कामकाजमा बाधा नपर्ने गरी कार्यालय बाहेकको अतिरिक्त समयमा कामकाज गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २०: मापदण्ड स्वीकृत सम्बन्धमा ।**

**निर्णयः** विधायन समितिबाट पेश भई आएको आधारभूत तह शिक्षा उत्तीर्ण परीक्षा (कक्षा आठ) सञ्चालन तथा प्रमाणिकरण सम्बन्धी मापदण्ड, २०८२ स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २१: टोकन मेशिन सम्बन्धमा ।**

**निर्णयः** जिल्ला प्रशासन कार्यालय सिन्धुलीबाट माग भई आएको सेवा प्रवाह सम्बन्धी टोकन मेशिन खरिद गरी हस्तान्तरण गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २२: सिन्धुलीगढी युद्ध संग्रहालयको सिलिङ् मर्मत सम्बन्धमा ।**

**निर्णयः** सिन्धुलीगढी स्थित युद्ध संग्रहालयको फल्स सिलिङ् गत महिनाको हावाहुरीले क्षति ग्रस्त भएकोले उक्त सिलिङ् ततकाल मर्मत / व्यवस्थापन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २३: पारिश्रमिक सम्बन्धमा ।**

**निर्णयः** कमलामाई नगरपालिका वडा नं. १२ को कार्यालयमा दैनिक ज्यालादारीमा कार्यरत कार्यालय सहयोगीको २०८२ माघ देखि २०८२ चैत्र सम्मको पारिश्रमिक भुक्तानीको कार्यालयलाई आदेश दिने निर्णय गरियो ।

किरण निधि तिवारी
प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

www.oddyindia.com

## प्रस्ताव नं. २४: अध्ययनका लागि आर्थिक सहयोग सम्बन्धमा ।

**निर्णयः** कमलामाई नगरपालिका वडा नं. ११, भालुखोला निवासी रुद्र बहादुर विश्वकर्मा तथा दिल माया विश्वकर्माका छोरा प्रकाश विश्वकर्मा उच्च शिक्षा अध्ययनको सिलसिलामा हाल त्रिभुवन विश्विविद्यालय अन्तर्गत इन्जिनियरिङ्ग अध्ययन संस्थान थापाथलीमा अध्ययनरत रहेकोमा निजलाई प्रोत्साहन स्वरुप रु. १,५०,०००।– आर्थिक सहायत शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

## प्रस्ताव नं. २५: आर्थिक सहयोग सम्बन्धमा ।

**निर्णयः** कमलामाई नगरपालिका वडा नं. ५, निवासी शिवलाल थिङ सवारी दुर्घटनामा परी मेरुदण्ड भाँचिएको र हाल ह्वील चियर प्रयोग गर्दैप आएकोमा निजको जीवन यापन सहजताका लागि चार पांग्रे स्कूटी खरिदका लागि ५ नं. वडाबाट समेत आर्थिक सहयोगका लागि सिफारीस भई आएको हुँदा निजलाई रुर. ८०,०००।– आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

## प्रस्ताव नं. २६: स्मृती भवन निर्माण सम्बन्धमा ।

**निर्णयः** कमलामाई नगरपालिकाका वडा सदस्यहरु स्व. टेक बहादुर तामाङ्, वडा नं. ५ र स्व. केशव माझी, वडा नं. १ को स्मृती भवन निर्माणका लागि रु. २–२ लाखका दरले विनियोजन गर्ने निर्णय गरियो ।

## प्रस्ताव नं. २७: बजेट माग सम्बन्धमा ।

**निर्णयः** श्री शहरी विकास तथा भवन निर्माण विभाग आयोजना शाखा बबरमहल, काठमाडौंलाई सिन्धुली जिल्ला कमलामाई नगरपालिका– ६ नं. वडा स्थित तपशिल अनुसारको अधुरो सडक स्तरोन्नतीका लागि बजेट माग गर्ने निर्णय गरियो ।

**तपशिलः**

| क्र.सं. | टोल बस्तीहरु | माग रकम रु. |
|---|---|---|
| १ | सिरुबारी अधुरो सडक स्तरोन्नती, क.न.पा.– ६ | ५००००००।– |
| २ | गाइने खोल्सी देखि पानी ट्याङ्की अधुरो सडक स्तरोन्नती, क.न.पा.– ६ | ५००००००।– |

किरण निधि तिवारी
प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
**स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली**
Local Governance Performance Assessment System (LGPAS)

कमलामाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिन्धुलीमाडी, सिन्धुली
बागमती प्रदेश, नेपाल

Rama Devkota
ITO

## मूल्याङ्कन प्रगति

चरण 3 of 10

1. प्रारम्भिक नतिजा तयार हुँदै
2. प्रारम्भिक प्रतिवेदन पेश
3. जि.स.स.मा पृष्ठपोषणका लागि पेश — वर्तमान
4. जि.स.स. बाट पृष्ठपोषण सम्पन्न
5. अन्तिम नतिजा मन्त्रालयमा पेश
6. प्रारम्भिक गुणस्तर परीक्षण सम्पन्न
7. नतिजा सुधारका लागि उपलब्ध
8. सुधारका दावीहरुको अध्ययन
9. गुणस्तर परिक्षण सम्पन्न
10. अन्तिम नतिजा सार्वजनिक

सारांश | क्षेत्रहरु | उप-क्षेत्रहरु | दस्तावेजहरू | प्रतिवेदन

कुल प्राप्तङ्क
**उत्कृष्ट** 84.8%
84.8 / 100.0 अंक

दस्तावेज
**313** / 313


क्षेत्रहरू
**5**
मूल्याङ्कन क्षेत्रहरू

पेश गरिएको
**0**
0.0% पूर्ण


### दस्तावेज स्थिति वितरण

पेश गरिएको  पेश हुन बाँकी

### क्षेत्र अनुसार प्रदर्शन




### उप-क्षेत्र प्रदर्शन




किरण निधि तिवारी
प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

कमलामाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिन्धुलीमाढी, सिन्धुली
बागमती प्रदेश, नेपाल

## विश्लेषणात्मक सारांश

क्षेत्र अनुसार प्रगति सारांश

### सुशासन तथा संस्थागत विकास

89 अंक%

| 158 | 158 |
|---|---|
| कुल दस्तावेज | पूर्ण भएको |

पूर्णता: 100.0%

प्राप्त अंक: 35.5 / 40.0

उप-क्षेत्रहरू: 6

### सामाजिक विकास

77 अंक%

| 52 | 52 |
|---|---|
| कुल दस्तावेज | पूर्ण भएको |

पूर्णता: 100.0%

प्राप्त अंक: 15.5 / 20.0

उप-क्षेत्रहरू: 5

### आर्थिक विकास

90 अंक%

| 50 | 50 |
|---|---|
| कुल दस्तावेज | पूर्ण भएको |

पूर्णता: 100.0%

प्राप्त अंक: 18.0 / 20.0

उप-क्षेत्रहरू: 4

### पूर्वाधार

91 अंक%

| 24 | 24 |
|---|---|
| कुल दस्तावेज | पूर्ण भएको |

पूर्णता: 100.0%

प्राप्त अंक: 9.1 / 10.0

उप-क्षेत्रहरू: 3

### वन, वातावरण तथा विपद् व्यवस्थापन

67 अंक%

| 29 | 29 |
|---|---|
| कुल दस्तावेज | पूर्ण भएको |

पूर्णता: 100.0%

प्राप्त अंक: 6.7 / 10.0

उप-क्षेत्रहरू: 2

किरण निधि तिवारी
प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख